## अति विपन्न नागरिक स्वास्थ्य उपचार सहायता कोष संचालन (पहिलो संशोधन) कार्यविधि २०७८:

नगरकार्यापालिकाबाट स्वीकृत मिति:- २०७८/०१/२२

**प्रस्तावना :**

सूर्योदय नगरपालिकाको “अति विपन्न नागरिक स्वास्थ्य उपचार सहायता कोष” संचालन कार्यविधि २०७७ लाई समयसापेक्ष संशोधन गरी समयअनुकुल गतिशील बनाई विश्व महामारीको रुपमा फैलिएको Covid-19 को महामारीलाई रोकथाम नियन्त्रण गरी विपन्न नागरीकहरुलाई समेत Covid-19 को स्वास्थ्य उपचारमा पहुँच स्थापीत गरी सामाजिक सुरक्षाको प्रत्याभूती गराउने उद्देश्याले सूर्योदय नगरपालिकाको अति विपन्न नागरीक स्वास्थ्य उपचार सहायता कोष संचालन कार्यविधि २०७७ को दफा ८ बमोजिम पहिलो संशोधन कार्यविधि २०७८ तर्जुमा गरी लागु गरिएको छ।

**१) संक्षिप्त नाम र प्रारम्भ :**

१) यो कार्यविधिको नाम “सूर्योदय नगरपालिकाको अति विपन्न नागरीक स्वास्थ्य उपचार सहायता कोष संचालन (पहिलो संशोधन) कार्यविधि–२०७८” रहेको छ।

२) यो कार्यविधि नगरकार्यपालिका वाट पारीत भई राजपत्रमा प्रकाशन भएपछि तुरुन्त लागु हुने छ।

**२) कार्यविधिको दफा ३ को उपदफा १ को ख पछि (ग) थपगरी निम्नानुसार व्यवस्था राखिएको छ।**

१) एन्टीजिन/पि.सि.आर. परिक्षणको सम्पुर्ण शुल्कमा सहायता दिन सक्ने।

२) चिकित्सकको सल्लाह बमोजिम आइसोलेशन तथा क्वारेन्टाइनमा राख्नु संक्रमितहरुलाई सो को व्यवस्थापनमा लाग्ने सम्पुर्ण खर्चमा आर्थिक सहायता दिन सक्ने।

**३) कार्यविधिको दफा ३ को उपदफा १ मा ग पछि (घ) नं. थप गरी निम्नानुसारको लक्षित समूहका नागरीकहरुलाई आर्थिक सहायता दिन सक्ने छ।**

१) अति विपन्न परिवारका नागरीक/असहाय/असंगठित क्षेत्रका श्रमिकहरु

२) ७० वर्ष माथिका जेष्ठ नागरीकहरु र ५ वर्ष मुनिका बालबालिकाहरु

३) अपाङ्गता भएका नागरीकहरु (रातो र निलो परिचय पत्र प्राप्त गरेका नागरिकहरु

४) कोभिड–१९ रोकथाम, नियन्त्रण र उपचारमा प्रत्यक्ष रुपमा खटिने चिकित्सक, स्वास्थ्यकर्मी, कर्मचारी, जनप्रतिनिधि र महिला स्वास्थ्य स्वयम सेवीकाहरु

५) कुपोशित बालबालिकाहरु SAM Cases.

६) कोभिड(१९को संक्रमणबाट मृत्यु भएका नागरिकको परिवारलाई वडा सिफारिसको आधारमा रु. १०००० अक्षररुपी रु दश हजार मात्र उपलब्ध गराउने।